# देश प्रेम

देशले रगत मागे मलाई बली चडाउ
रुँदिनन् मेरी आमा ऊ नेपालकी छोरी

बुढेसकालका लागि देश यज्ञभित्र होमी
मेरी बुढी आमा गोठमै हाँसी खुशी देखिन्छिन ।
ती काँगडाका सन्तान अझै मरेका छैनन्
तर चियाबारी र बाँसघारी कुरी रहेका हुन्छन
पाउँदिन केही पनि रगत स्तनको साटो
आउँदैन माग्न उसलाई ऊ नेपालीकी छोरी
देशले रगत माँगे ...........

यमराजको शिर छिनाउने सारा पृथ्वीका सन्तान
बघिनीको दूध होइन त्यो त नेपालीको स्तन
सक्दिन म त बाँच्न निर्धा भएर एकछिन
बरु शहीद भएर वीरकै मृत्यु म मर्छु
हामी वीर बनेर मर्छौं गोली त ऊ सहन्छे
माग्दीनन् सुनका अक्षर ऊ नेपालीकी छोरी
देशले रगत माँगे ...........